

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
0६१-५७0६५१, ९८५६0७५५७५



❑ वर्ष २४ ❑ अङ्क २२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १२ गते मंगलबार ❑ 29 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखराको आर्थिक विकास र समृद्धिका लागि पोखरा अन्तर्राष्ट्रिय उडन हुनुपर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

सुन्दर नगरी पोखराको आर्थिक विकास र समृद्धिका लागि पोखरामा अन्तर्राष्ट्रिय हवाई उडान, कोरोना नाका खुल्ला गर्नु पर्ने पोखरेलीहरुले माग गर्नुभएको छ।

पोखरा उद्योग वाणिज्य संघको समन्वयमा सोमबार पोखरामा भएको छलफलमा पोखराको आर्थिक विकास र समृद्धिका लागि उक्त माग गर्नु भएको संघका अध्यक्ष पवन प्रजापतीले बताउनुभयो।

पोखराको आर्थिक विकास र समृद्धिका लागि पोखरामा हालै निर्माण भएको पोखरा अन्तराष्ट्रिय विमानस्थललाई अब चिनका विभिन्न शहरहरुसम्म सिधा हवाई उडान नियमित गर्नुपर्ने पोखरेलीहरुले माग गर्नु भएको हो। करिब २३ अर्बको लागतमा निर्माण भएको पोखरा अन्तराष्ट्रिय विमानस्थललाई अब अन्तराष्ट्रिय शहरहरुसंग सिधा हवाई उडान गर्नुपर्ने पोखरेलीको पहिलो माग रहेको



कार्यक्रम संयोजक एवं नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष समेत रहनु भएका आनन्दराज मुल्मीले बताउनु भयो। भूकम्प, त्यस पछि कोभिड १९, त्यस पश्चात रुस र यूक्रेनको युद्ध र हाल देशमा देखिएको आर्थिक मन्दीले गर्दा गण्डकी प्रदेशको राजधानि पोखरा र यस पासपासको क्षेत्रलाई चलायमान र आर्थिक गतिविधि बढाउन पोखरा विमानस्थलबाट नियमित अन्तराष्ट्रिय हवाई उडानको विकल्प नभएको पोखरेलीले एकै स्वरले माग गर्नु भएको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड केही समय पछि चाईना भ्रमण गर्ने कार्यक्रम तय भएकोले पोखरा क्षेत्रको आर्थिक विकास र समृद्धिको लागि चिन सरकार समक्ष यहाँको एजेण्डा पूरा गर्न बिषेश पहल गर्न आफुहरुले आग्रह गर्ने भएको संयोजक मुल्मीले बताउनु भयो। प्रधानमन्त्री प्रचण्ड यही भदौं १५ गते पोखरामा आउने कार्यक्रम भएकोले पोखरा क्षेत्रको आर्थिक विकास र समृद्धिको मुख्य एजेण्डा उहाँ समक्ष राख्ने गरी आफुहरुले तयारी गरेको मुल्मीको भनाई छ। त्यसै गरी पोखरा कोरोला नाका खुल्ला गर्न पहल गर्नुपर्ने, पोखरालाई चिनियाँ पर्यटनको गन्तव्य बनाउन माग गर्ने, पोखरामा चिनिया महाबाणिज्य दुतावासको स्थापना गर्न माग गर्ने, प्रविधि हस्तान्तरण गर्ने, पोखराको आधुनिक ७२ किलोमिटरको चक्रपथ निर्माण गर्न माग गर्ने लगायतका बिषयमा प्रधानमन्त्री समक्ष पेश गर्ने भएको संयोजक मुल्मीले बताउनु भयो। त्यसै गरी पोखरा काठमाण्डौं पृथ्बीराजमार्ग सडकमा पर्ने सडक विस्तारमा चिनिया कम्पनीले ढिलासुस्ती गरेकोले त्यसलाई युद्धस्तरमा काम अघि बढाउन जोडदार माग समेत गरिएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले माग गर्नु भयो।

साथै पोखराको पर्यटन प्रबर्द्धन हुने विभिन्न कार्यक्रमहरु समेत गर्न, पोखरामा चिन र नेपालको संयुक्त लगानीमा उद्योग स्थापना गर्न सहभागिले माग समेत गर्नु भएको थियो। पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष पवन प्रजापतीको अध्यक्षतामा भएको कार्यक्रममा पोखराका नागरिक समाज, उद्योगी व्यवसायी, पर्यटन व्यवसायी र पत्रकार लगायतको सहभागिता रहेको उपाध्यक्ष उत्तममान बुद्धचार्यले बताउनु भयो।

## गण्डकीमा दुई नमुना पशुपक्षी अस्पताल बन्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

पशुपक्षीको उपचारमा स्तरीय सेवा दिन कास्की र तनहुँमा नमुना पशुपक्षी अस्पताल भवन निर्माण भइरहेको छ।

गण्डकी प्रदेश सरकारको लगानीमा बनिरहेका ती अस्पताल भवनको भौतिक निर्माण यसै वर्षभित्र सक्ने लक्ष्य लिइएको छ। कास्कीको पोखरा-१२ माटेपानी र तनहुँको दमौलीमा प्रदेशस्तरीय नमुना पशुपक्षी अस्पताल बन्न लागेको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ। पशुपक्षीमा लाग्ने रोगको निदान र उपचारका लागि आधुनिक पूर्वाधारसहितको अस्पताल निर्माण हुने मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख डा गृष्म न्यौपानेले बताउनुभयो।

"अहिले भइरहेका भवन अस्पतालको संरचना अनुरुप छैनन्, त्यसले सेवा प्रवाहमा पनि जटिलता निम्त्याइरहेको छ", उहाँले भन्नुभयो, "पशुपक्षीको उपचारमा चाहिने आवश्यक पूर्वाधारसहितका अस्पताल भवन बन्दैछन्, अस्पतालले दिने सेवा पनि सोही अनुसार विस्तार हुँदै जान्छ।" मन्त्रालयका अनुसार कास्कीमा रहने अस्पतालको लागत रु पाँच करोड ५४ लाख ४८ हजार र तनहुँको रु पाँच करोड ५४ लाख ६५ हजार रहेको छ। कास्कीमा निर्माणाधीन अस्पतालका लागि गत आवमा रु तीन करोड २५ लाख बजेट विनियोजन गरिएकामा रु दुई करोड ३२ लाख ९७ हजार खर्च भएको जनाइएको छ। तनहुँको अस्पताल भवनका लागि गत आवमा रु तीन करोड ५० लाख बजेट विनियोजन भएकामा जम्मा रु ६० लाख २७ हजार खर्च भएको मन्त्रालयले जनाएको छ। कास्की अस्पताल भवनमा हालसम्म रु चार करोड ९६ लाख ९५ हजार र तनहुँमा रु तीन करोड ४० लाख ८२ हजार खर्च भइसकेको छ।

कास्कीमा आउँदो कात्तिक १० गतेसम्म र तनहुँमा आउँदो पुस ११ गतेसम्म निर्माण सक्ने गरी म्याद थप भएको महाशाखा प्रमुख डा न्यौपानले बताउनुभयो। भवन बनेपछि आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापन गरेर अस्पतालको सेवा सुरु गरिने कास्कीस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख शम्भुराज पाण्डेले बताउनुभयो। "एक्सरे, भिडियो एक्सरे, प्रयोगशाला, शल्यक्रिया, दूध परीक्षणलगायत पशुपक्षीको उपचारमा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## आठौँ दक्षिण एसियाली न्युरोसर्जरी शिखर सम्मेलन नेपालमा हुने

**रासस**
काठमाडौं, ११ भदौं

आठौँ दक्षिण एसियाली न्युरोसर्जरी शिखर सम्मेलन दक्षिण एसियाको न्युरोसर्जरी अर्थात् स्नायु शल्यचिकित्सासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुने भएको छ।

नेपाल न्युरोसर्जन समाजका अध्यक्ष डा प्रवीण श्रेष्ठका अनुसार यही सेप्टेम्बर ७ देखि ९ तारिख (भदौ २१ देखि २३ गते) सम्म आठौँ दक्षिण एसियाली न्युरोसर्जरीसम्बन्धी तीन दिने शिखर सम्मेलन काठमाडौँमा हुन लागेको हो। यो सम्मेलन सन् १९९९ मा पहिलोपल्ट नेपालबाट नै सुरु भएको थियो। त्यसपछि सन् २०१२ मा दोस्रो पटक गरी नेपालमा हालसम्म यो सम्मेलन दुई पटक भइसकेको छ। विगत करिब छ वर्षदेखि र कोरोनाको समयमा यो सम्मेलन हुन नसकिरहेको बेलामा नेपाल न्युरोसर्जन समाजले आठौँ शिखर सम्मेलन नेपालमै आयोजना गर्न लागेको डा श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालमा हाल करिब एक सय १२ जना सक्रिय न्युरोसर्जन रहेका छन् र देशका विभिन्न भागमा सेवारत छन्। तीमध्ये करिब ५० प्रतिशत काठमाडौँ उपत्यकामै कार्यरत छन्। बाँकी आधा देशका अन्य स्थानमा कार्यरत छन्। हाल देशको सातै प्रदेशमा न्युरोसर्जनको उपस्थिति रहेको हुनाले न्युरोसर्जरीसम्बन्धी सेवा देशभर पुगेको छ।

सन् १९८८ मा स्व डा उपेन्द्र देवकोटाले नेपालमा पहिलोपल्ट आधुनिक न्युरोसर्जरी सेवा सुरु गरेपश्चात् देशमा यो सेवाको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नवनिर्वाचित सभापतिद्वारा पद तथा गोपनीयताको शपथ

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

प्रतिनिधिसभाअन्तर्गतका १० वटै समितिका सभापतिले पद तथा गोपनीयताको शपथ लिनुभएको छ। सभामुख देवराज घिमिरेले सङ्घीय संसद् सचिवालयमा सोमबार आयोजित समारोहमा उहाँहरूलाई शपथ गराउनुभएको हो।

सो अवसरमा उपसभामुख इन्दिरा राना, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, विभिन्न राजनीतिक दलका प्रमुख सचेतक, सांसदलगायत उपस्थित हुनुहुन्थ्यो। प्रतिनिधिसभाअन्तर्गतकासमितिको सभापतिका लागि आइतबार उम्मेदवारी प्रस्ताव दर्ता भएका थिए। सबै विषयगत समितिमा एकल उम्मेदवारी रहेकाले १० वटै समितिका सभापति निर्विरोध निर्वाचित हुनुभएको हो। अर्थ समितिको सभापतिमा नेपाली कांग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जनता समाजवादी पार्टीका राजकिशोर यादव, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा जनमत पार्टीका अब्दुल खान निर्वाचित हुनुभएको छ। त्यस्तै, कानुन, न्याय तथा मानवाधिकार समितिको सभापतिमा नेकपा (माओवादी केन्द्र) का विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## तायाः मचा नृत्य प्रतियोगितामा ३० टिमको सहभागिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

पर्यटकीय नगरी पोखरामा गाईजात्रा पर्वको अवसरमा यस बर्ष पनि तायाः मचा नृत्य प्रतियोगिता २०८० हुने भएको छ।


रानीपौवा ताया गया नाँच समितिको आयोजनामा यही भदौं १६ गते उक्त प्रतियोगिता हुने भएको सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो। उक्त प्रतियोगिता पोखरा महानगरपालिका सहित कास्कीका अन्य गाँउपालिका गरी पुरुष तर्फ २१ र महिला तर्फ भने ९ टिम सहित ३० टिमको सहभागिता हुने भएको प्रतियोगिताका मुल संयोजक ईश्वर प्रसाद कर्माचार्यले बताउनु भयो। यस बर्ष पुरस्कार राषिमा भने भारी बृद्धि गरिएको उहाँले बताउनु भयो। प्रतियोगितामा यस बर्ष विजेता हुने पुरुष तर्फको टीमले ३ लाख १ रुपैया, दोश्रो हुने समुहलाई २ लाख १ रुपैयाँ, तेश्रो हुनेलाई भने १ लाख १ रुपैयाँ र सान्त्वना हुने समुहलाई ३० हजार रुपैयाँ पुरस्कारको प्रदान गरिने




भएको संयोजक कर्माचार्यले जनाउनु भयो। गत बर्ष विजेताले ३० हजार, दोश्रो हुनेले २० हजार पुरस्कार प्राप्त गरेका थिए।

त्यसै गरी महिला तर्फ विजेता हुनेलाई ४० हजार १ रुपैया, दोश्रो हुनेलाई २० हजार १ रुपैयाँ, तेश्रो हुनेलाई १० हजार १ रुपैया प्रदान गरिने भएको प्रचार संयोजक सुभाष तभ्न्याले बताउनु भयो। यस वर्ष देखि प्रतियोगिताको लागि पोखरा तेसांपट्टी निवासी तीन दाजुभाइ रामकाजी श्रेष्ठ, रविन्द्र श्रेष्ठ र शंकर श्रेष्ठले आफ्ना आमाबुबा स्व. हेम कुमान बालकुमारीको स्मृतिमा १० लाख रकम सहयोग गर्नु हुने भएको छ। उहाँहरुले उपलब्ध गराएको उक्त रकम मध्ये प्रतियोगिताको पुरस्कारमा समेत खर्च हुने भएको प्रचार संयोजक तभ्न्याले बताउनु भयो।

नेवाः खलः कास्कीका अध्यक्ष अशोक पालिखे भक्तपुरबाट पोखरामा आई बसोबास गरेका ९५ प्रतिशत नेवारी समुदाय भएको दाबी गर्नु भयो। २०५६ साल देखि पोखरामा तयाः माचा नृत्य प्रतियोगिता निरन्तर रुपमा हरेक बर्ष विभिन्न टोलका तयाः मचा समितिहरुले आयोजना गर्दै आएको उहाँले बताउनु भयो। उक्त प्रतियोगिताले पोखराको पर्यटन प्रबर्द्धन गर्न टेवा पुग्ने अध्यक्ष पालिखेले दाबी गर्नु भयो। कार्यक्रमको मुख्य प्रवर्द्धकको रुपमा पोखरा महानगरपालिका, प्रवर्द्धकहरुमा पो.म.न.पा वडा नं. ११ र गण्डकी प्रज्ञा प्रतिस्थान रहेका छन। त्यसै गरी मुख्य प्रायोजकमा बुद्ध एयर, प्रायोजकहरुमा मनिपाल कलेज, गण्डकी मेडिकल कलेज रहेको संयोजक कर्माचार्यले बताउनु भयो। यसै सन्दर्भमा नेवार समुदायमा सबैजसो चार्डपर्व एवं जात्राहरुको सुरुवात गाठे मंगल (घण्टाकर्ण) वाट प्रारम्भ हुन्छ। श्रावण शुक्ल पूर्णिमा देखि भाद्र अष्ठमी गरि नौ दिन सम्म मनाईने चाडलाई गुपुन्हि (गुन्हिं पुन्हि) भनिन्छ। यहि समय नौ थरी गेडागुडी मिसाएर पकाइने स्वादिष्ट क्वाटी तयार हुन्छ। असार र श्रावण वर्षातको महिना खेतीपाती रोपाईको काम गर्दा पानीले भिज्ने र हिलो महिलो हुने हुँदा शरिरलाई चिसोबाट बचाउन र पौष्टिकता प्रदान गर्न उपयोगी हुने हुँदा क्वाँटी खाइन्छ। आगामी बर्ष नयाँ बजारमा उक्त प्रतियोगिता हुने भएको छ। पोखरामा पनि भदौं १५ गते गाईजात्रा हुने भएको छ। भदौं १४ गते भने जर्नी पूर्णिमा पर्व परेको छ।

# पोखराबाट दैनिक जसो २१ हजार किलो प्याजको कारोवार

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

पोखरामा प्याजको मुख्यमा भारी बृद्धि भएको छ । केही दिन अघिसम्म पोखरामा प्रति केजी ६० देखि ६५ सम्म खुद्रा मुल्यमा उपलब्ध भएको प्याज हिजोआजबाट ८५ देखि ९० रुपैयासम्म पर्न थालेको छ ।



पोखरामा थोक बिक्रेताले हाल प्रतिकेजी प्याजको मुल्य ७० देखि ८० रुपैयासम्म लिने गरेका छन भने यसको खुद्रा मुल्यमा ८५ देखि ९० रुपैयासम्म आम उपभोक्ताहरुले खरिद गर्ने गरेका छन्। केही दिन अघि पोखरामा प्रति केजी ५० देखि ५५ रुपैयामा थोक बिक्रेतालाई प्याज बिक्री गरे पनि हाल उक्त प्याजको मुल्यमा करिब ३० प्रतिशतले बृद्धि भई ७५ देखि ८० रुपैयासम्म पर्ने गरेको पोखराका एक व्यवसायी प्रदि कुमार अग्रहरीले बताउनु भयो । दिनेश ट्रेडर्स प्रा.लि.का संचालक समेत रहनु भएका अग्रहरीले प्रति केजी ३८ रुपैयाको प्याज ४०, ४५, ५५ देखि ६० हुदै हाल यसको मुल्यमा भारी बृद्धि भएको यसको मुल्य अझै बढ्न सक्ने बताउनु भयो ।

गण्डकी प्रदेशको राजधानि पोखरामा भित्रिने अधिकांश प्याज भारतबाट आयात हुने भएको उहाँको दाबी छ। भारतबाट करिब ९९ प्रतिशत जसो प्याज पोखरामा भित्रिने गरेको अग्रहरीको भनाई छ । उहाँका अनुसार पोखरा क्षेत्रबाट दैनिक जसो २१ हजार किलो प्याज दैनिक रुपमा खपत हुने गरेको छ। पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाइड देखि पोखरा क्षेत्रका होटल रेष्टुरेण्ट, प्रदेशका विभिन्न जिल्लासम्म पोखराबाट प्याज जाने हुँदा दैनिक पोखराबाट उक्त मात्राको प्याजको कारोवार हुने अग्रहरीको दाबी हो । कृषि उपज बजार व्याबस्थापन समिति पोखराका एक कर्मचारी रुपा दहालले पोखरामा हाल प्याजको थोक मुल्य प्रति केजी ७० देखि ८० मा बिक्रि भएको बताउनु भयो । उहाँका अनुसार पोखरामा मुख्यगरी भारत र केही मात्रमा चाइनाबाट समेत प्याज आउने गर्दछ । भारतमै प्याजको मुल्य बृद्धि भएकोले भारतको प्याज पोखरा आउने भएकोले यसको मुल्य बृद्धि भएको उहाँको भनाई छ । विभिन्न दैनिक उपभोग्य बस्तुको मुल्यमा केही मुल्य बृद्धि हुँदा खुद्रा पसलबाट आम उपभोक्ताहरु धेरै ठगिने गरेको जनगुनासो समेत आउन थालेको छ । नेपालीहरुका मुख्य चार्ड पर्वको मुखमा बजारमा नियमित नियमन र अनुगमन नहुदाँ आम जनताहरु चर्को मुल्यको मारमा पर्नु भएको छ ।



फेवाताल : पोखरामा सञ्चालित अन्नपूर्ण केवलकारबाट देखिएको फेवाताल र आसपास क्षेत्र । तस्बिरः धनबहादुर गुरुङ/रासस

## नवनिर्वाचित ...

सभापतिमा कांग्रेसका डा आरजु राणा देउवा र राज्य व्यवस्था तथा सुशासन समितिमा कांग्रेसका रामहरि खतिवडा निर्वाचित हुनुभएको छ । त्यसैगरी, पूर्वाधार विकास समितिको सभापतिमा राष्ट्रिय प्रजातन्त्र पार्टीका दीपकबहादुर सिंह, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा नेकपा (एकीकृत समाजवादी) का भानुभक्त जोशी, सार्वजनिक लेखा समितिको सभापतिमा नेकपा (एमाले) का ऋषिकेश पोखरेल र महिला तथा सामाजिक मामिला समितिको सभापतिमा एमालेकै किरणकुमार साह निर्वाचित हुनुभएको हो ।

प्रतिनिधिसभाको निर्वाचन भएको नौ महिनापछि मात्र संसदीय समितिले पूर्णता पाएका हुन् ।

# काहुँखोला-सिक्लेस खडक एकसातादेखि अवरुद्ध

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

कास्कीको मादी गाउँपालिकाको पर्यटकीय स्थल सिक्लेस जाने सडक पहिरोका कारण एकसातादेखि अवरुद्ध हुँदा स्थानीयलाई आवागमनमा सास्ती भएको छ ।

मादी गाउँपालिका-६ चिप्लीखोलामा गएको पहिराले काहुँखोला-सिक्लेस सडकखण्ड पूर्णरुपमा अवरुद्ध भएको छ ।

एकसातादेखि सडक अवरुद्ध हुँदा मादीका उत्तरी गाउँका नागरिकलाई पोखरासम्म आवागमनमा सास्ती भएको छ । मादी-६ का वडाध्यक्ष डिलबहादुर क्षेत्रीले निरन्तररुपमा पानी परिरहेकाले सडक सञ्चालनमा समस्या भएको बताउनुभयो । पहिरो खस्ने क्रम नरोकिएकाले पानी पर्न बन्द भएपछि मात्रै सडक सञ्चालनका लागि पहल गरिने उहाँले बताउनुभयो । "पहिरो निरन्तररुपमा खसिरहेको छ । पटकपटक पहिरो पन्छाएर सडक सञ्चालन गरे पनि पुनः पहिरो खसेर सडक अवरुद्ध हुँदा पालिकाको स्रोतसाधन मात्र खर्च भएपछि तत्काल पहिरो पन्छाउने काम गरेका छैनौँ", वडाध्यक्ष क्षेत्रीले भन्नुभयो, "पानी पर्न बन्द भएपछि मात्र सडक सञ्चालनको पहल गर्ने योजनामा छौँ । अहिले पहिरो पन्छाउँदा थप दुर्घटना हुन सक्ने भएकाले यात्रुलाई सवारी परिवर्तन गरेर गन्तव्यमा पुग्ने व्यवस्था मिलाएका छौँ ।"

सडक अवरुद्ध भएकाले यात्रुले गन्तव्यमा पुग्नका लागि दुई वटा गाडी परिर्वतन गर्नुपर्ने बाध्यता रहेको बताएका छन् । पहिरो गएको स्थानसम्म पोखराबाट गएर झोलुङ्गे पुल हुँदै १० मिनेटको बाटो हिँडेपछि अर्को सवारी साधनमा चढेर गन्तव्यमा पुग्ने व्उवस्था मिलाइएको वडाध्यक्ष क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार पहिराले ७० मिटर जति सडकमा क्षति पुऱ्याएको छ । पहिरो पन्छाएर सडक सञ्चालनका लागि गाउँपालिकाले जनशक्ति तथा अन्य आवश्यक सामग्री र लागत तयारी अवस्थामा राखेको उहाँले जानकारी दिनुभयो ।

पोखराको काहुँखोलादेखी सिक्लेस ४२ किमीको दूरीमा पर्दछ । पहिराका कारण मादीका उत्तरी गाउँ चिप्ली, खिलाङ, पार्चे र सिक्लेसका नागरिक समस्यामा परेका छन् ।

सवारी साधनमा काँहुखोला, कसेरी, थाक, तप्राङ, चिप्ली, पार्चेहुँदै सिक्लेस पुग्न सकिन्छ । सिक्लेस पर्यटकीय हिसाबले पनि प्रख्यात छ । गुरुङ संस्कृतिको अध्ययन तथा अवलोकनका लागि पनि यहाँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गर्दछन् ।

# 'हाइड्रोपोनिक' प्रविधिबाट तरकारीखेती

**पोखरापत्र संवाददाता**
पोखरा, ११ भदौं

पोखरा महानगरपालिका-१७ सितापाइलास्थित पोखरा वृद्धाश्रममा हाइड्रोपोनिक प्रविधि (माटोको प्रयोग बिना बोटबिरुवाको खेती गर्ने तरीका) बाट तरकारीखेती सुरु गरिएको छ ।



माटो नचाहिने, थोरै ठाउँमा धेरै बिरुवा लगाउन सकिने र उत्पादनसमेत दोब्बर हुने आधुनिक प्रविधि भित्र्याएर वृद्धाश्रममा तरकारीखेती सुरु गरिएको वृद्धाश्रमका अध्यक्ष कुसुम केशव पराजुलीले जानकारी दिनुभयो । "सहयोगदाताबाट आएको खाद्यान्नले आश्रम चलेको छ", उहाँले भन्नुभयो, "तरकारीमा मात्रै वार्षिक रू चारदेखि पाँच लाख खर्च हुने गरेको छ ।" प्रविधि सफल भएमा आश्रमलाई तरकारीमा आत्मनिर्भर बनाउँदै बाहिर बिक्री गरेर थप आयआर्जन गर्ने लक्ष्य रहेको अध्यक्ष पराजुलीको भनाइ थियो । "लहरै मिलेका पोलिथिन पाइपको माथिल्लो भागमा पारिएका प्वालमा सानो फमको टुक्राको बीचमा राखिएका पेपर कपमा लगाइएका गोलभैँडा र सलाद सागका बिरुवा फस्टाएका छन्", उहाँले भन्नुभयो, "परीक्षणका लागि जमिनमा फलामको फ्रेम र भवनको तेस्रो तलाको रेलिङबारमा गरि कूल दुई सय ७० बिरुवा लगाइएको छ ।" अध्यक्षय पराजुलीका अनुसार आश्रमको छानाबाट वर्षात्को पानी सङ्कलन गरी मोटरको सहायताले पाइपमार्फत सञ्चालन गरिएको छ । बिरुवालाई पोषणका रुपमा प्रयोग हुने न्युटेसन महँगो हुँदा उत्पादन लागत बढ्ने देखिएको उहाँले बताउनुभयो । हाइड्रोपोनिक प्रविधि संयोजक सिद्धिकुमार रेग्मीका अनुसार गोदावरी नगरपालिकाको ठेचोस्थित कुशल गुरुङले सञ्चालन गर्नुभएको उक्त प्रविधिको स्थलगत अवलोनपश्चात् आश्रममा सो प्रविधिबाट तरकारीखेती सुरु गरिएको हो । पहिलो पटक सुरु गरिएको उक्त प्रविधिअन्तर्गत न्युटेसनको मात्रा नमिल्दा र खुला स्थलमा भएको हुँदा सोचेजस्तो नभए पनि आगामी दिनमा व्यवस्थित गर्दै आश्रमलाई आवश्यक तरकारी उत्पादन गर्ने अभियानमा जुटेको उहाँको भनाइ छ । आश्रममा समाजका विपन्न, असहाय र अपहेलित ज्येष्ठ नागरिक र सेवकसेविका गरी कूल ५५ जना आश्रित छन् । आश्रमको गोठमा सानाठूला गरी छ गाई रहेको बताउँदै रेग्मीले भन्नुभयो, "गाईको दूधले आमाबुवालाई पुगेको छ भने मलले वृद्धाश्रमको हातामा परम्परागतरुपमा सिजनअनुसारको तरकारीखेती गरिएको छ ।"

## गण्डकी ...


स्तरीय सेवा दिने गरी नमुना अस्पताल बनाउन लागिएको हो", उहाँले भन्नुभयो, "स्वास्थ्य पूर्वाधार, उपकरणदेखि जनशक्तिसम्मको व्यवस्थापन सोही अनुसार गर्न लागिएको छ ।" नमुना अस्पताल बनेपछि पशुपक्षीमा देखिने जटिल प्रकृतिका रोगको निदान र प्रयोगशाला परीक्षणका लागि बाहिर जानुपर्ने अवस्थाको अन्त्य हुने केन्द्रका प्रमुख पाण्डेले उल्लेख गर्नुभयो । "अत्याधुनिक प्रविधि र उपकरण नहुँदा कुनै बेला अनुमानका भरमा पनि उपचार गर्नुपर्ने अवस्था थियो, अब पशुपक्षीको उपचार पद्धतीमा पनि गुणात्मक परिवर्तन ल्याउने गरी अस्पतालको पूर्वाधार बन्दैछ", उहाँले भन्नुभयो, "पशुपक्षीमा बेलाबेला फैलने गरेको महामारीजन्य रोगको उपचार, नियन्त्रण र रोकथामका लागि पनि यो अस्पतालबाट ठूलो टेवा पुग्छ ।" अहिले कास्कीको भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रमा दुई जना मात्र पशु चिकित्सकको दरबन्दी छ । नमुना अस्पताल बनेपछि विशेषज्ञसहितको जनशक्ति थप्नुपर्ने अवस्था रहेको केन्द्रले जनाएको छ ।

## आठौं ...

सुरुआत भई विस्तार हुँदै गएको हो । हाल नेपालमा रहेका न्युरोसर्जन सङ्ख्याको हिसाबले पर्याप्त नभए तापनि सातै प्रदेशमा न्युरोसर्जनको उपस्थिति हुनु उत्साहजनक कुरा हो ।

नेपालको पूर्वी र तराई क्षेत्रमा न्युरोसर्जनको सङ्ख्या प्रशस्त भए पनि पश्चिम र पहाडी क्षेत्रमा न्युरोसर्जरी सेवा अझै न्यून रहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार करिब एक लाख जनसङ्ख्याका लागि एक न्युरोसर्जनको आवश्यकता पर्दछ । नेपालमा हाल यो अनुपात करिब सवा एक लाख जनसङ्ख्याका लागि एक न्युरोसर्जन रहेको छ जुन त्यति नराम्रो होइन ।

दक्षिण एसियाका अन्य देशमा यो अनुपात नेपालको भन्दा कमजोर देखिन्छ । भारतमा करिब दश लाख जनसङ्ख्याका लागि एक न्युरोसर्जन रहेको छ भने बङ्गलादेशमा पनि झन्डै उस्तै अवस्था रहेको छ। पाकिस्तानको अवस्था निकै नाजुक रहेको देखिन्छ । त्यहाँ करिब ५० लाख जनसङ्ख्याका लागि एकमात्र न्युरोसर्जन रहेको छ । श्रीलङ्कामा करिब आठ लाखका लागि एक न्युरोसर्जन रहेको छ भने मल्दिभ्समा करिब एक लाखको लागि एक न्युरोसर्जन रहेको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# सदनलाई चलाउन सक्रियता बढाउ

प्रतिनिधिसभा अन्तर्गतका सबै समितिका सभापति निर्विरोध निर्वाचित भएका छन् । सबै सभापतिले सभामुखबाट सपथ ग्रहण गरिसकेका छन।प्रतिनिधिसभाअन्तर्गतका १० समितिको नेतृत्वका लागि आइतबार ९ वटामा एकल र एउटामा दुई जनाको उम्मेदवारी परे पनि राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीले उम्मेदवारी फिर्ता लिएपछि सबै निर्विरोध भएका छन । संसदीय समितिमा दलहरूको उपस्थितिको आधारमा सभापति दिने परिपाटी बनाइएको छ ।

सत्ता र प्रतिपक्षबीचको भागबन्डाअनुसार कांग्रेसले तीन, एमालेले दुई, माओवादी केन्द्र, राप्रपा, जसपा, एकीकृत समाजवादी, जनमतले १-१ समिति सभापतिमा उम्मेदवारी दर्ता गराएका थिए।राष्ट्रिय मान्यता पाएको राष्ट्रिय स्वतन्त्र पार्टीले भने कुनै पक्षसँग गठबन्धन नगरी उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि उम्मेदवारी दर्ता गराएको थियो । पराजुलीले उम्मेदवारी फिर्ता लिएपछि उक्त समितिमा जनमतका अब्दुल खान निर्विरोध निर्वाचित भएका छन।प्रतिनिधिसभाको चौथो दललाई सहभागी नबनाउनु नगराउनुप्रतिशोध हो । आफ्नै खुट्टामा उभिनका लागि खबरदारी आवश्यकता छ ।

अर्थ समितिको सभापतिमा कांग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जसपाका राजकिशोर यादव कानुन, न्याय तथा मानवअधिकार समितिमा माओवादी केन्द्रकी विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा कांग्रेसकी आरजु देउवा, महिला तथा सामाजिक समितिमा एमालेका ऋषिकेश पोखरेल, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा एकीकृत समाजवादीका भानुभक्त जोशी, पूर्वाधार विकास समिति सभापतिमा राप्रपाका दीपकबहादुर सिंह निर्वाचित भएका छन् । यसअघि सत्तारूढ र प्रमुख प्रतिपक्षबीच सहमति हुँदा संसद्को चौथो दल रास्वपा र पाँचौं दल राप्रपालाई समिति सभापति नदिने तय भएको थियो । तर मनोनयन दर्ताको केही समयअघि मात्रै माओवादी केन्द्रको भागमा परेको पूर्वाधार विकास समितिको सभापति राप्रपालाई छोडिएको थियो ।

संसद् सुरु भएको साढे ७ महिनापछि संसदीय समितिले नेतृत्व पाएको हो । २०७९ पुस अन्तिम साता संसद्को पहिलो बैठक बसेको थियो भने वैशाख १५ मा संसदीय समिति गठन भएका थिए। तर दलहरूबीचको द्वन्द्व, भागबन्डा र गुटबन्दीका कारण समितिले नेतृत्व पाउन सकेको थिएन । संसदीय समितिहरूले गठनको ४ महिनामा बल्ल नेतृत्व पाएका छन। अब संसदलाई गतिशील बनाउन सबैले सबै सकृयता देखाउनुपर्छ । सभापतिको अग्रसरता भयो भने सदनलाइ चलायमान बनाउन सकिन्छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | कार्यमा सफलता | तुला | मानसिक तनाव |
| वृष | मन चञ्चल | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | सहयोग मिल्नेछ | धनु | व्यापारमा लाभ |
| कर्कट | सत्कार मिल्नेछ | मकर | अप्रत्यसित लाभ |
| सिंह | सम्मान मिल्नेछ | कुम्भ | शत्रुको भय |
| कन्या | आर्थिक समस्या | मीन | झमेला बढ्ने |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# सम्झौताविना नदीजन्य वस्तुको उत्खनन्

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ भदौं

म्याग्दीको मालिका गाउँपालिकामा ठेक्का सम्झौताविनै नदीजन्य वस्तुको उत्खनन् भएको छ ।

मालिका गाउँपालिका भएर बग्ने म्याग्दी नदीको बगरमा डोजर लगाएर बालुवा निकालेर निकासी भएको हो । असार १५ देखि भदौ १५ गतेसम्म नदीजन्य पदार्थ उत्खनन् गर्न नपाउने नियम छ । कानुनी व्यवस्था विपरीत म्याग्दी नदीबाट वर्खा याममा बालुवा उत्खनन गरेका हुन् ।

तोलावाङ, पतेनी, रानीवासा, कमेरे, इल्पु, भारवाङलगायत क्षेत्रमा ठेक्का सम्झौताविनै बालुवा उत्खनन् भएको गाउँपालिकाका जनप्रतिनिधिले नै बताएका छन् । गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले केही व्यक्तिहरुले ठेक्का सम्झौता नै नगरिकन बालुवा उत्खनन गरेको गुनासो आएको र उनीहरुलाई जरिवाना तिराइएको बताउनुभयो । "हाम्रो पालिकाको क्षेत्रमा नदीजन्य वस्तुको उत्खनन र निकासीका लागि गत वर्ष भएको सम्झौता अवधि सकिएको छ । नयाँ आवको ठेक्का आह्वान भएको छैन", उहाँले भन्नुभयो, "सम्झौताविनै बालुवा उत्खननमा प्रयोग भएका डोजर र दुवानी गर्ने ट्र्याक्टरलाई नियन्त्रणमा लिएर जरिवाना तिराएका छौं ।"

नदीबाट निकालेर भण्डारण गरिएका बालुवाको केही दिनमै अनुगमन गरेर जफत र लिलामी गर्ने तयारी गरेको पनि अध्यक्ष गर्बुजाले बताउनुभयो । स्थानीय तहको प्रमुख आम्दानीको स्रोत रहेको नदीजन्य वस्तुको अवैध उत्खनन र चोरी निकाशीले गाउँपालिकाले राजस्व गुमाउने जोखिम छ । म्याग्दी उद्योग वाणिज्य सङ्घ दरवाङ एकाइका अध्यक्ष लेकबहादुर पुनले हालै गाउँपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाइमा ठेक्का सम्झौताविनै उत्खनन् गर्ने र ठेक्का आह्वान गर्दा सहभागी नहुने प्रवृत्ति देखिएको विषयमा प्रश्न उठाउनुभएको थियो ।

अवैध हिसाबले बालुवा उत्खनन गरेर वर्खामा थुपार्ने र हिउँदमा गाउँपालिकाले ठेक्का आह्वान गर्दा ठेक्का नै नपर्ने समस्या देखिएको हो । गत वर्ष मालिका गाउँपालिकाले नदीजन्य वस्तुको उत्खनन र निकासीको ठेक्का लगाउन चार पटकसम्म सूचना प्रकाशन गरेको थियो । रु. बीस लाख बढीमा छ वटा बगर ठेक्का लागेको थियो । बर्खामा बाढीले बगाएर ल्याएको बालुवा थुपार्न नदीभित्र खाडल बनाएका छन् । छोटो समयमा धेरै, कम लागतमा बढी गहिराइमा पुगेर बालुवा निकाल्न पाइने लोभले कानुनले नदिए पनि डोजर प्रयोग गरेका छन् । हिउँदमा ठेक्का लिँदा बगरमा बालुवा कम हुने हुँदा 'सेटिङ' मिलाएर वर्खामा डोजर प्रयोग गरेर निकाल्ने, जरिवाना तिर्ने र लिलामीको प्रक्रियाबाट सकार्ने घुमाउरो विधि प्रयोग गरेको पाइएको छ । बालुवा निकाल्नेले गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकायसँग 'सेटिङ' गरेको स्थानीयको गुनासो छ । नदी उत्खननमा संलग्न दुई जनालाई यसवर्ष रु ४५ हजार जरिवाना तिराइएको र उपाध्यक्षको नेतृत्वमा अनुगमन समितिले प्रतिवेदन दिएपछि थप जरिवाना गरिने प्रमुख प्रशासकीय अधिकृत चुर्णबहादुर कार्कीले बताउनुभयो । ठेक्का सम्झौतामा मजदुर परिचालन गरेर उत्खनन् गर्ने भनिए पनि व्यवहारमा 'डोजर'को प्रयोग हुने गरेको छ ।

# विपद् न्यूनीकरण गर्न जुट्दै स्थानीय तह

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ भदौं

तनहुँ बाढी र पहिरोको जोखिम क्षेत्रमा पर्दछ । वर्षायाम सुरु भएसँगै जिल्लामा ठूला नदी मादी, सेती र मर्स्याङ्दीको बहावले जमिन कटान गर्नुका साथै पहिरोले जनजीवन प्रभावित बनाएको छ ।

बाढीपहिरो र कटानका कारण यहाँका स्थानीय तहलेसमेत सास्ती खेप्दै आएका छन् । नदीको कटानलाई न्यूनीकरण गर्न जिल्लाका १० पालिका र भू तथा जलाधार व्यवस्थापन कार्यालय जुटे पनि प्रभावकारीरुपमा विपद् न्यूनीकरण हुन सकेको छैन ।

तनहुँमा व्यास, शुक्लागण्डकी, भिमाद र भानु नगरपालिका तथा म्याग्दे, ऋषिङ, घिरिङ, बन्दिपुर, आँबुखैरेनी र देवघाट गाउँपालिकाले बाढी र पहिरोको क्षतिलाई न्यूनीकरण गर्नका लागि पूर्वतयारी थालेको जनाएका छन् । म्याग्दे गाउँपालिका बाढी र पहिरोको उच्च जोखिम क्षेत्रमा पर्दछ । केही वर्ष पहिले म्याग्दे गाउँपालिका-१ बाखेमा पहिरोले घर पुरिँदा एकैपरिवारका सात जनाको मृत्यु भएको थियो ।

वर्षायाममा नदीको बहाव बढ्दा आफूहरुलाई बाढीपहिरोकै चिन्ताले सताउने गरेको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । बाढीपहिरोबाट हुने क्षतिलाई नियन्त्रण गर्न पालिका प्रत्येक वर्ष रकम विनियोजन गर्दै आइरहेको उहाँको भनाइ थियो ।

यसपटकको वर्षाले म्याग्दे-५ छाङ पाटनमा पहिरो जाँदा करिब तीन सय मिटर खानेपानीको पाइप बगाउनुका साथै गुणादी र अकला खोलाले खेतीयोग्य जमिन कटान गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार एक सय १५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो गाउँपालिका सेती जलाशययुक्त जलविद्युत् आयोजनाको प्रभावित क्षेत्रभित्र पर्दछ ।

"वर्षायाम सुरु भएपछि कतै बाढी र पहिरोले क्षति पुर्‍याउँछ कि भन्ने चिन्ताले सताउने गर्छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "क्षति पुर्‍याएको खबर पाएलगत्तै अनुगमन गरी तत्काल राहतका कार्यक्रम गर्दै आएका छौं ।" नदीले खेत कटान गरे तारजालीको प्रबन्ध गरिएको जनाउँदै उहाँले पहिरोले खानेपानीमा क्षति पुर्‍याए अस्थायी पाइपको व्यवस्था गरिएको बताउनुभयो । पालिकामा बाढीपहिराको क्षतिका बारेमा बुझ्न प्रहरीको सहयोगमा क्षतिको विवरण सङ्कलन कार्य भइरहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

व्यास नगरपालिका मादी र सेती नदीको कटान क्षेत्रभित्र पर्दछ । दुई सय ४८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको व्यास नगरपालिकाका १४ वटा वडा बाढीपहिरोको उच्च जोखिममा पर्ने क्षेत्र हुन् । मादी नदीले नगरपालिकाको वडा नं ३, ४, ५, ६, ७ र १०, सेती नदीले नगरपलिकाको १३ र १४ मा बर्सेनि कटान गर्ने गरेका नगरपालिकाको कार्यालयले जनाएको छ । पालिकाभित्र पर्ने कलेस्ती, बुल्दी, रिस्ती र छाब्दीलगायत सहायक खोलाले बर्सेनि खेतीयोग्य जमिन कटान गर्दै गइरहेका छन् ।

अधिकांश प्रकोपजन्य योजना वडातहबाटै माग भई आउने भएकाले वर्षायामको समयमा आकस्मिकरुपमा हुने बाढीपहिरो नियन्त्रणका लागि तारजाली र पर्खाल निर्माणलगायतका काम नगरपालिकाले गर्दै आएको व्यास नगरपालिका योजना तथा पूर्वाधार विकास शाखाका वरिष्ठ इन्जिनियर डा राजु पौडेलले बताउनुभयो । व्यास क्षेत्रमा पहिरोभन्दा पनि बाढीका कारण बर्सेनि खेतीयोग्य जमिन बगाउने भएकाले यसको नियन्त्रणका लागि वडातहसँग समन्वय गरी संरक्षणका विभिन्न कार्यक्रम गर्दै आएको उहाँको भनाय थियो ।

"बाढीपहिरोको क्षतिमा प्रायः वडा तहबाटै योजना माग भई आउने गर्दछन्", वरिष्ठ इन्जिनियर पौडेलले भन्नुभयो, "वर्षायाममा हुने प्रकोपजन्य क्षति र यसबाट हुने असरका बारेमा हामीले तत्कालै सम्बोधन गर्दै आएका छौं ।" उहाँका अनुसार बाढी, पहिरो नियन्त्रणका लागि नगरपालिकाले असारमा मात्रै ३ सयभन्दा धेरै तारजाली पठाएको छ । त्यस्तै, भिमाद नगरपालिका र देवघाट गाउँपालिका पनि बाढीपहिरोको उच्च जोखिम क्षेत्रमा पर्दछ । घिरिङ गाउँपालिकाले वर्षायाममा कालीगण्डकीको बहाव र पहिरोको समस्या झेल्दै आएको छ । कालीगण्डकी बस्तीमै पस्ने गरी समस्या सिर्जना नगरे पनि ग्रामीण क्षेत्र र पालिकाभित्रका सडकको दायाँबायाँ पहिरो जाने गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले बताउनुभयो । दैवीप्रकोपमा परेकालाई तत्काल सम्बोधन गर्नका लागि पालिकाले विपद् व्यवस्थापन कोषबाट सहयोग गरिरहेको उहाँले जानकारी दिनुभयो । "हाम्रो पालिकामा कालीगण्डकीकोभन्दा पनि पहिरोको जोखिम उच्च छ", उहाँले भन्नुभयो, "प्रकोपजन्य विपद् जुनबेला पनि आउन सक्छ भनेरै हामीले ८० थान जति तारजाली व्यवस्थापन गरी राखेका छौं ।"

शुक्लागण्डकी नगरपालिकाले विपद् प्रतिकार्य योजना नै बनाएर विपद् व्यवस्थापनमा जुटेको जनाएको छ । बाढीपहिरोको उच्च प्रभावित क्षेत्रमा शुक्लागण्डकी नगरपालिका पर्ने भएकाले रू दुई करोड बराबरको विपद् व्यवस्थापन कोष बनाएको नगरपालिकाका उपप्रमुख खुमबहादुर विक (राजु) ले जानकारी दिनुभयो । पालिकाभित्रका १, ३, ११ र १२ नम्बर वडा पहिरोको र ४ र ८ सेती नदीको कटानको जोखिममा रहेको उहाँले बताउनुभयो । "हाम्रो वडा सेतीको कटान र पहिरो दुवैको उच्च जोखिममा छ", विकले भन्नुभयो, "त्यसैले विपद्को समयमा स्थानीय सरकार पनि सक्षम हुनुपर्छ भन्ने ठानेर दुई करोड राशिको कोष खडा गरेका छौं ।" भानु नगरपालिका भित्र पहिरोको उच्च जोखिममा रहेको पालिका हो । यहाँ मर्स्याङ्दीको बहाब बढ्दा खेतीयोग्य जमिन कटान र पहाडी भूभाग भएकाले पहिरोको अत्यधिक समस्या रहेको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो । विपद् व्यवस्थापनका लागि विपद् कोषमा यस वर्ष रू ८० लाख विनियोजन गरिएको उहाँले बताउनुभयो । आँबुखैरेनी गाउँपालिकामा मर्स्याङ्दीको बहाव बढ्दा वडा नं १ मा पर्ने मर्स्याङ्दी जलविद्युत् गृहको बाँध नजिकैका बस्ती डुबानको जोखिममा पर्ने गरेका गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँका अनुसार वडा नं४, ५ र ६ पहिरोको उच्च जोखिममा पर्दछन् । पालिकाले विपद् व्यवस्थापन कोष स्थापना गरी रू ५० लाख कोषमा जम्मा गरेको जनाइएको छ । पालिकाभित्र धेरै पहाडी क्षेत्र पर्ने भएकाले पहिरोले बर्सेनि ग्रामीण सडक पुर्ने गर्छ", अध्यक्ष चुमानले भन्नुभयो, "ग्रामीण सडकमा खसेको पहिरो पन्छाएर यातायात सहज बनाउनमै हाम्रो धेरै रकम खर्च हुने गर्दछ ।"

प्रत्येक वर्ष बाढीपहिरोले करोडौं क्षति पुर्‍याउने गरेको भिमाद नगरपाकिाका प्रमुख दधीराज सुवेदीले बताउनुभयो । यसपटकको वर्षाले पाँच सय रोपनी धान फल्ने बुढुवा खोला खेतमा क्षति पुर्‍याएको, क्याङ्दी र जिदी खोलालगायत सेती नदीको कटान, श्रृङ्ग मार्गमा पहिरो जाँदा करोडौं बराबरको क्षति पुर्‍याएको उहाँको भनाइ थियो । उहाँका अनुसार पालिकाले विपद् व्यवस्थापन कोषमा रू ३५ लाख विनियोजन गरेको छ । ऋषिङ गाउँपालिका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले विपद् कोषमा रू आठ लाख र भैपरी आउने कोषमा रू १२ लाख विनियोजन गरिएको जानकारी दिनुभयो । "अहिलेसम्म हाम्रो वडामा बाढी र पहिरोले खासै प्रभाव पारेको छैन", उहाँले भन्नुभयो, "तर विपद् व्यवस्थापनका लागि आवश्यक सर्तकता अपनाएका छौं ।"

सेती, कालीगण्डकी र त्रिशूलीलगायत खहरे खोलाले गर्ने कटानबाट देवघाट गाउँपालिका प्रभावित हुने गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले बताउनुभयो । उहाँका अनुसार पालिकाले विपद् कोष स्थापना गरी रू १० लाख विनियोजन गरेको छ । जिल्लामा जनथप प्रहरीको सञ्जाल सबै पालिकामा रहेकाले बाढी, पहिरोलगायत विपद्को समयमा उच्च सतर्क अपनाइ उद्धारमा जुट्न मातहतका सबैलाई तयारी अवस्थामा राखिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक अवधेष विष्टले जानकारी दिनुभयो । यहाँ प्रमुख जिल्ला अधिकारी छविलाल रिजालको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति गठन गरी विपद्मा राहत तथा उद्धारमा जुट्न प्रहरी तथा आवश्यक सामग्री तयारी अवस्थामा राखिएको जनाइएको छ ।

विपद्को प्रकृति हेरी जनपथ प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाकोसमेत सहयोग जुटाउने गरी उद्धार टोली तयारी अवस्थामा राखिएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले बताउनुभयो । आव २०७९/८० मा विपद्मा परेकालाई रू एक लाख ३० हजार बराबरको राहत प्रदान गरिएको जिल्ला प्रशासन कार्यालय तनहुँले जनाएको छ ।

# एक वर्षमा हात्तीका सात छावा

**रासस**
चितवन, ११ भदौं

चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन् तथा तालिम केन्द्र खोरसोर र पोष्टमा रहेका हात्तीले गत आर्थिक वर्षमा सात छावा जन्माएका छन् । निकुञ्जका हात्तीले एकै वर्षमा जन्माएको यो ठूलो सङ्ख्या हो ।

तालिम केन्द्रका प्रमुख मनपुरण चौधरीका अनुसार खगेन्द्र मल्ली पोष्टमा रहेको गणेशकलीबाहेक सबै तालिम केन्द्रका हात्तीले बच्चा जन्माएका हुन् । तीर्थमानकली, हिमानीकली, चितवनकली, तमरकली, लोकतन्त्रकली र ऐश्वर्यमालाकलीले बच्चा जन्माएका उहाँले बताउनुभयो । गण्डकीकलीलेसमेतबच्चाजन्माएको जनाउँदै चौधरीले उक्त बच्चा बचाउन नसकिएको जानकारी दिनुभयो ।

गत आवमा यहाँका तीन हात्ती शुक्लाफाँटा पठाइएकामध्ये नारायणीकलीले शुक्लाफाँटा पुगेर बच्चा जन्माएको थियो । चौधरीले भन्नुभयो, "हाम्रा यहाँका हात्तीका नौ बच्चा जन्मिएका हुन् । एउटा बचाउन सकिएन, एउटा शुक्लाफाँटा गएर जन्मियो ।" उहाँले हात्ती प्रजननमा अहिलेसम्मकै धेरै सङ्ख्यामा बच्चा जन्मिएको बताउँदै यो निकुञ्जकै महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो । चौधरीका अनुसार अघिल्लो आवमा एउटामात्रै बच्चा जन्मिएको थियो । "यो वर्ष थप तीन हात्ती गर्भवती भएका छन् । आगामी आवमा आठदेखि नौ वटा बच्चा जन्मिने सम्भावना छ", उहाँले भन्नुभयो ।

बच्चा जन्मिएको दुई महिनापछि नै हात्ती पुनःगर्भवती हुनयोग्य हुने चौधरीले जानकारी दिनुभयो । यस वर्ष बच्चा जन्माएका सबै हात्ती गर्भवती भइसकेका छन् । उहाँका अनुसार २२ देखि २४ महिनामा हात्तीले बच्चा जन्माउँछ । हाल जन्मिएका अधिकांश बच्चा जङ्गली हात्ती रोनाल्डा र गोविन्देका हुन् । गत वर्ष रोनाल्डो चार महिना तालिम केन्द्र क्षेत्रमा रहेकाले गर्भवती भएका अधिकांश हात्तीको प्रजनन रोनाल्डोसँग भएको उहाँको भनाइ छ ।

जन्मिएको तीन वर्षपछि हात्तीका बच्चालाई तालिम दिने गरिएको चौधरीले बताउनुभयो । उहाँका अनुसार तालिम केन्द्रले गत वर्ष नौ हात्तीका बच्चालाई तालिम दिएर पोष्टमा पठाएको थियो । "गत वर्ष कसरामा र सौराहामा दुई/दुई तथा बेलसहर, कछुवानी, बगही, बाघमारा र अमृते पोष्टमा एक/एक हात्ती तालिमपछि पठाइएको छ", उहाँले भन्नुभयो, "तीन महिनामा तालिम सम्पन्न हुन्छ ।"

चौधरीका अनुसार प्रजनन केन्द्रमा हाल १२ माउ हात्ती छन् । निकुञ्जमा ६० सरकारी हात्ती छन् । ती हात्ती पोष्टमा सुरक्षामा खटिने गर्दछन् । विसं २०४४ देखि सुरु भएको हो । विसं २०५४ देखि बच्चा जन्मिन थालेका थिए । हालसम्म ६३ बच्चा जन्मिएका राष्ट्रिय निकुञ्जअन्तर्गत हात्ती प्रजनन् तथा तालिम केन्द्रले जनाएको छ ।

# घट्यो बजारमा व्यापार, गाउँमा बढ्यो

पोखरापत्र संवाददाता
बागलुङ, ११ भदौं

कुनै समयमा बागलुङ बजार धौलागिरि क्षेत्रको व्यापारिक केन्द्र थियो । बागलुङका दूरदराजदेखि पर्वत, म्याग्दी र मुस्ताङमा यहाँबाट सामान पुग्थ्यो ।

बागलुङ बजारमा विभिन्न ठाउँका व्यापारी र ग्राहकको भीड नै लाग्ने गर्थ्यो । तर पछिल्लो समय बागलुङ बजारदेखि यहाँका मुख्य व्यापारिक बजार सुनसान बन्दै गएका छन् । स्थानीय तह गठन भएपछि गाउँ-गाउँमा ससाना बजार विस्तार भइरहेका छन् । पहिले बागलुङ बजारमा पाइने सबैथोक अहिले गाउँमा पाइन्छन् । गाउँमा आवश्यक सामान पाइने भएपछि ग्राहक बजारमा आउन छोडेका छन् । बागलुङमा खास गरि दुई मुख्य नाकाबाट सामान भित्रिने गर्छ । एउटा मालढुङ्गा नाका अर्को हाँडीखोला नाका । मालढुङ्गा नाकाबाट भित्रिने अधिकांश सामान वीरगञ्ज, काठमाडौँ र पोखराबाट आउँछ भने हाँडीखोला नाकाबाट भने बुटवल र सुनौलीबाट सामान भित्रिने गर्दछ । मालढुङ्गादेखि भित्रिने सामान पूर्वी बागलुङमा खपत हुने गर्छ भने हाँडीखोलाबाट भित्रिने पश्मिच बागलुङ र पूर्वी रुकुममा बढी खपत हुने गरेको छ । गाउँबाट समान किनमेलका लागि बजार झर्न छोडेपछि बागलुङ बजारमा व्यापार निकै कम भएको छ । गाउँगाउँमा मोटरबाटो पुगेपछि बजारमा घट्न थालेको बजार कोरोना सङ्क्रमणकालपछि झन् सुस्ताएको छ । पछिल्लो समय आर्थिक मन्दीका कारणले गर्दा व्यापार निकै कम भएको व्यापारीको गुनासो छ । पछिल्लो एक वर्षयता व्यापार ५० प्रतिशतले आधा भएको उनीहरुको भनाइ छ । व्यापार घट्दै गएपछि बागलुङ बजारमा धमाधम व्यापारीले पसल बन्द गर्न थालेको उद्योग वाणिज्य सङ्घ बागलुङका महासचिव ऋषिराम गौतमले बताउनुभयो । कोभिड-१९ ले सुस्ताएको व्यापार आर्थिक मन्दीका कारण व्यापारी समस्यामा परेको उहाँको भनाइ छ । बैंक तथा वित्तीय संस्थाको चर्को ब्याज र महँगो भाडाका कारण व्यापारी पलायन हुने अवस्था आएको उहाँले बताउनुभयो । पछिल्लो छ महिनामा बागलुङ बजारका एक बढी सटरमा गरिदै आएको पसल बन्द भएको उहाँको भनाइ थियो ।

केही समय अगाडि बागलुङमा सञ्चालित शिव शिखर बहुउद्देश्यीय सहकारी र इमेज सहकारीका सञ्चालकले व्यापारीको करोडौँ रकम हिनामिना गरे फरार भएपछि व्यापार व्यवसायमा थप समस्या सिर्जना भएको उहाँको भनाइ छ । “चाडवर्प आउन थाल्यो, बजार सुनसान छ, पहिला-पहिले यस्तो हुँदैनथ्यो, यो समय निकै चहलपहल हुन्थ्यो, अहिले व्यापारीलाई सामान खरिद गर्न भ्याइनभ्याइ हुन्थ्यो, अहिले महिनौँ अगाडि ल्याएर गोदाममा राखेको सामान यतिकै थन्किएका छन्”, महासचिव गौतमले भन्नुभयो, “व्यापारीलाई पहिले ल्याएर राखेका सामान कटाउनै मुस्किल छ, नयाँ सामान ल्याएर बिक्री गर्न सक्ने अवस्था छैन, गाउँपालिका/नगरपालिका आएपछि घटेको व्यापार अहिले निकै कम भएको छ ।”

बागलुङ बजारमा ३० वर्षदेखि व्यवसाय गर्दै आउनुभएका डिल्ली गौतमले पछिल्लो समय व्यापार सुस्ताउँदा दैनिकी चलाउन गाह्रो हुने स्थिती आउन थालेको बताउनुभयो । सङ्घीयताको प्रभावले गर्दा छ वर्ष अगाडि बागलुङ बजारको व्यापार ५० प्रतिशतले घटेको भन्दै कोभिडपछि थप ३० प्रतिशत व्यापार कम भएको गौतमले बताउनुभयो । पहिले बागलुङ बजार जिल्ला सदरमुकाम र साविक धौलागिरी अञ्चलको केन्द्र भएको हुँदा व्यापार निकै भएको स्मरण गर्दै अहिले गाउँगाउँसँग व्यापार बाडिएको बताउनुभयो ।

महासचिव गौतमले भन्नुभयो, “३० वर्ष अगाडिको तुलनामा अहिले बागलुङ बजारको व्यापार ८० प्रतिशतले कम भएको छ, व्यापार कम हुनुमा पहिलो त सङ्घीयताको प्रभाव हो, त्यसपछि गाउँगाउँमा मोटरबाटो पुग्नु, दुई/तीन वर्ष कोरोना र अहिले आर्थिक मन्दी मुख्य कारण हो, बजारको अवस्था हेर्नुहुन्छ भने कहिले त एउटा सामान पनि विक्री हुँदैन, दिनभरी पसलमा बस्यो, अरु काम गर्नु पनि छैन, युवा त विदेश जालान्, अरु केही गर्लान्, हामी उमेरले नेटो काट्न लागेका गाउँ फर्किनुको विकल्प हुँदैन ।” निसीखोलाका व्यापारी वीरबहादुर क्षेत्रीले छ वर्षदेखि ग्रामीण क्षेत्रमा व्यापार बढ्दै गएको बताउनुभयो । एक दशक अगाडिसम्म सुनसान गाउँमा अहिले व्यापारीक चहलपहल बढ्दै गएको बताउनुभयो । निसीखोलाकोदेवस्थान,जुग्जाखोला, झिवाखोला, वडावन खोला, निसी, भल्कोट र सीपमा अहिले व्यापार फस्टाउँदो रहेको क्षेत्रीले बताउनुभयो । पहिले यहाँका हजारौँ नागरिक सामान्य किनमेलाका लागि घण्टौँ लगाएर बुर्तिबाङ पुग्ने र घोडा खच्चडमार्फत सामान ढुवानी गरेर बेच्ने गरेको सुनाउँदै अहिले घरै अगाडि सडक आएको हुँदा सहज भएको उहाँ बताउनुहुन्छ । “अहिले गाउँमा खान लागनको दुःख हरायो, पहिले दोकान, पसल धेरै टाढा हुन्थे, मान्छेले एउटा कपडालाई वर्षौसम्म सुरक्षित तरिकाले लगाउनुपर्थ्यो, नुन, तेल र चामल लामो समयसम्म पुग्ने गरी अड्कल गरेर खानु पर्थ्यो”, क्षेत्रीले भन्नुभयो, “अहिले घरघरमा पसल खुलेका छन्, गाउँलेलाई सहज भएको छ, व्यापार पनि राम्रो छ, पहिलेको जस्तो घोडा खच्चडमा ढुवानी गरेर महँगोमा बेच्नुपर्ने अवस्था पनि छैन, सुविधा पनि आयो, व्यापार पनि भयो । पालिकाको केन्द्र बनेपछि तमानखोलाको बोङ्गादोभान, ताराखोलाको भातखानेडाँडा, बरेङको बरेङडाँडा लगायतका गाउँमा व्यापार बढ्दो क्रममा रहेको व्यापारीको भनाइ छ । अहिले जिल्लाको बस्ती बस्तीमा सडक पुगेका छन् । सडकले गर्दा दुर्गम गाउँसम्म पनि ससाना पसल सञ्चालनमा आएका छन् । जसले स्थानीयको दैनिकीलाई सहज बनाइ दिइको छ । वर्खामा भने ग्रामीण सडक पूर्ण रुपमा सञ्चालन हुन सकेका छैनन् ।

# सराङ्कोट सहकारीद्धारा बृहत महिला भेला तथा सहकारी शिक्षा कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ११ भदौं



सराङ्कोट बहुउद्धेश्यीय सहकारी संस्थाले बृहत महिला भेला सहकारी शिक्षा कार्यक्रम गरेको छ ।

संस्थाले हरेक वर्ष महिलाहरुको महान पर्व हरितालिका तिजको अवसरमा सचेतना सहितको कार्यक्रम गर्दै आएको छ ।

संस्थामा रहेका महिला शेयर सदस्यहरुलाई कार्यक्रमको माध्यमले सहकारी ऐन, नियमको जानकारी सहित आपसी सम्बन्धको विस्तार गराउने उद्धेश्यले कार्यक्रम गरिदै आएको अध्यक्ष कृष्ण बहादुर थापाले बताए । सो कार्यक्रमको शुभारम्भ गर्दै संघीय सांसद विद्यादेवी भट्टराईले सहकारीमा महिलाको सहभागिता हुनु महत्वपूर्ण रहेको र सहकारीको माध्यमबाट हुने रचनात्मक, सामाजिक, आर्थिक कार्यक्रमहरुले सकारात्मक सन्देश सहित देशको आर्थिक सहभागितामा सहयोग पुगेको बताइन् । सहकारीको मुख्य खम्बा शेयर सदस्य नै रहेकोले कस्तो सहकारी बनाउने जिम्मेवारी संचालक सहित सबै सदस्यहरुको भूमिका महत्वपूर्ण रहने बताईन् ।

२०६३ मा स्थापित संस्थाले सदस्यहरुको लागी आर्थिक सङ्गै रेडियो सराङ्कोटको संचालन गर्दै हाल ६४ करोड कुल कारोबार गर्दै आएको कोषाध्यक्ष राममणि पौडेलले बताए । कार्यक्रममा संस्थाका सल्लाहकार रोहितराज बास्तोला, शोभियत बहादुर अधिकारी, पुर्व अध्यक्ष प्रेम बहादुर जि. सी, सृजना विकास केन्द्रका पूर्व अध्यक्ष इन्द्र पौडेल, राष्ट्रिय सहकारी बैंकका प्रबन्धक नरेश पाण्डे, सल्लाहकार इन्द्रकमल मानन्धर, लक्ष्मी पाण्डे , सचिव कुल सुवेदी, महिला समिति संयोजक माया कुमारी शर्मा, संस्थाका व्यवस्थापक सुरेन्द्र थापा, रेडियो सराङ्कोटका व्यवस्थापक योगेन्द्र श्रेष्ठ लगाएतले आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा राष्ट्रिय कलाकार युवराज भण्डारीको विशेष गाईजात्रे प्रस्तुती सहित विविध साँस्कृतिक प्रस्तुतीहरु राखीएको थियो ।

# कास्कीमा आयुर्वेदिक उपचारमा आकर्षण बढ्दै

पोखरापत्र संवाददाता
पोखरा, ११ भदौं

कास्कीमा आयुर्वेदिक उपचारमा आकर्षण बढेको छ ।

गण्डकी आयुर्वेद औषधालय एवं जिल्लाभित्र सञ्चालनमा आएका नागरिक आरोग्य सेवा केन्द्रमा सेवा लिने बिरामीको सङ्ख्या वर्षेनी बढ्दै गएको गण्डकी आयुर्वेद औषधालय, लेखनाथका प्रमुख डा कुमार कासुलाले जानकारी दिनुभयो । जिल्लामा पछिल्ला तीन वर्षमध्ये आव २०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमश : १६ हजार ८१, २१ हजार २५४ र २८ हजार नौ सय ४४ बिरामीले बहिरङ्ग सेवाअन्तर्गत आयुर्वेदिक उपचार सेवा लिएका छन् ।

यस उपचार सेवाका अतिरिक्त मातृशिशु सुरक्षार्थ पोषण, ज्येष्ठ नागरिक आरोग्य सेवा, विद्यालय आयुर्वेद तथा योग शिक्षा, पञ्चकर्म/पूर्वकर्म, क्षारसुत्र सेवा, प्रयोगशाला सेवा आदिका माध्यमबाट सेवा प्रदान गरिएको उहाँले बताउनुभयो । अन्य उपचारभन्दा कम खर्चिलो र आयुर्वेदिक औषधिले अन्यभन्दा स्वास्थ्यमा कम असर गर्ने विश्वाससँगै यसतर्फ आकर्षण बढ्दै गएको हो ।

विशेषगरी ग्याष्ट्रिक, हाड जोर्नी तथा नसाको दुखाइ, पायल्स, रुघा, खोकी ज्वरो लगायतका स्वास्थ्य समस्या लिएर बिरामी आउने गरेको उहाँको भनाइ थियो ।

# प्राथमिकतामा आलु प्रवर्द्धन कार्यक्रम

पोखरापत्र संवाददाता
बागलुङ, ११ भदौं

बागलुङको उच्च भागमा पाइने आलु निकै स्वादिष्ट मानिन्छ । जिल्लाको ढोरपाटन, ताराखोला, निसीखोला, तमानखोलालगायत स्थानमा पाइने आलु जिल्लाबाहिर पनि निर्यात हुने गरेको छ ।

आलुको उत्पादन राम्रो भए पनि बजारीकरणमा समस्या हुँदा किसानले आलु कुहिने गुनासो गरिरहन्छन् । कृषि ज्ञानकेन्द्र बागलुङले यस वर्ष आलु उत्पादन बढाउन प्रवर्द्धनात्मक कार्यक्रमलाई उच्च प्राथमिकता दिइएको जनाएको छ । आलुको उत्पादन बढाउन यन्त्रिकरण, बीउ, मलदेखि उत्पादनका आधारमा अनुदान दिनेगरी यस वर्ष आलु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको केन्द्रका निमित्त प्रमुख कुमार पुनले जानकारी दिनुभयो । आलुको उत्पादनदेखि बजारीकरण गर्ने उद्देश्यले चालु आवमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि मात्रै रू तीन करोड ६० लाख बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । यस वर्ष आलुलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको बताउँदै पुनले जिल्लामा उत्पादित आलुको ब्राण्डिङ गर्न अहिलेको बजेटले सहयोग गर्ने बताउनुभयो । “स्थानीय आलु कहिएर जाने र बाहिरका आलु बजारमा भित्रिनाले यहाँका किसान मर्कामा पर्ने गरेका छन्”, उहाँले भन्नुभयो, “यस वर्ष गण्डकी प्रदेश सरकारको प्राथमिकता खायन आलु परेको छ । आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत कृषकलाई आलुको बीउ, कृषि औजारदेखि बजारीकरणमा सहयोग पुर्‍याइनेछ ।” रैथाने आलु र उन्नत जातको आलुको उत्पादन बढी हुने भएकाले यसपटक खायन आलुको उत्पादन बढाउनेगरी कार्यक्रम ल्याइएको पुनले बताउनुभयो । उहाँका अनुसार यो कार्यक्रम ठूलो मात्रामा आलुको उत्पादन हुने क्षेत्रमा लागू गरिनेछ । कृषकलाई उन्नत जातको आलुको बीउ उपलब्ध गराउने, सिँचाइ, सामग्री उपलब्ध गराउने, आलु लगाउने प्रविधि हस्तान्तरण गर्ने योजनाका साथ गण्डकी प्रदेशले प्राथमिकतामा राखेर बजेट पठाएको पुनको भनाइ थियो ।

गण्डकी प्रदेशलाई आलुमा आत्मनिर्भर गराउने, आलुको ब्राण्ड गर्ने र पहाडी जिल्लामा खायन आलुको प्रवर्द्धन गर्ने उद्देश्य राखेर यस वर्ष आलुलाई छुट्टै बजेट विनियोजन गरेको प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री महेन्द्रध्वज जिसीले जानकारी दिनुभयो । आलु उत्पादन बढाएर बजारको सुनिश्चिततालाई सघाउन आलु उत्पादत हुने ठूलो क्षेत्रमा कार्यक्रम लागू गरिने बताउँदै उहाँले यसका लागि आवश्यक कार्यविधि निर्माणमा प्रदेश सरकार लागेको जानकारी दिनुभयो ।

बागलुङ आलु उत्पादनको लागि उर्बर जिल्ला मानिन्छ । विशेष गरी बागलुङको ढोरपाटन, तमानखोला गाउँपालिका, गलकोट नगरपालिकानिसीखोलागाउँपालिकार ताराखोला गाउँपालिकाको आलु निकै स्वादिष्ट मानिन्छ । साथै काठेखोला, जैमिनी र बरेङमा समेत आलुको उत्पादन हुने गरेको छ । यहाँ उत्पादित आलु बागलुङ बजार, पोखरा, म्याग्दी, बुटवल र काठमाडौँसम्म बिक्री हुने गरे पनि किसानले भाउ नपाएको गुनासो गर्दै आएका छन् । चक्लाबन्दी कार्यक्रमकै परिमार्जनरुपमा खायन आलुको प्रवर्द्धन कार्यक्रम आएको भन्दै एउटै प्लटमा आलु उत्पादन गर्दा सिँचाइ तथा यन्त्रिकरण गर्न सहज हुने मन्त्री केसीले बताउनुभयो ।

अघिल्लो वर्ष जिल्लामा तीन हजार छ सय ५५ हेक्टर जमिनमा आलु लगाइएको थियो । त्यसबाट ५९ हजार छ सय ५० मेट्रिकटन आलु उत्पादन भएको कृषि ज्ञानकेन्द्रले जनाएको छ । केन्द्रका अनुसार यस वर्ष आलु उत्पादन छ प्रतिशतले बढ्ने देखिएको छ ।

उत्पादित आलुमध्ये ३० प्रतिशत घर खान प्रयोग हुने र ७० प्रतिशत कृषकले बिक्री गर्ने गर्दछन् । आलुबाट कृषकलाई आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका खेल्न खायन आलु कार्यक्रमले सहज हुनेछ । आलु उत्पादनमा रैथाने र उन्नत जातको परीक्षणसमेत गरिनेछ । बागलुङमा स्थानीय सेतो, रातो र निलो जातको आलु प्रचलित छ । उक्त कार्यक्रममा आलुखेती विस्तारसँगै एक सय ५० हेक्टर जमिनमा आलुखेतीको प्रवर्द्धन गरिने केन्द्रका निमित्त प्रमुख पुनले जानकारी दिनुभयो । उहाँका अनुसार खायन आलु प्रवर्द्धनका लागि गण्डकी प्रदेश सरकारले म्याग्दी, पर्वत र बागलुङमा नयाँ कार्यक्रम ल्याएको छ ।

# चेपाङ विद्यार्थीलाई बस्न र खानाको सुविधा

पोखरापत्र संवाददाता
गोरखा, ११ भदौं

आँबुखैरेनी गाउँपालिका कार्यालयले कक्षा ११ र १२ मा अध्ययनरत चेपाङ विद्यार्थीलाई खाद्यान्नदेखि कोठा भाडासम्म सुविधा प्रदान गरेको छ ।

घरदेखि विद्यालय टाढापर्ने भएकाले कक्षा ११ र १२ मा बसेर अध्ययन गर्नका लागि खानादेखि आवाससम्मको जिम्मा गाउँपालिकाले लिएको हो । गाउँपालिकाभरी रहेका सीमान्तकृत चेपाङ जातिका बालबालिकालाई कक्षा १२सम्म पूर्णरुपमा निःशुल्क शिक्षा दिने निर्णय यसअघि नै गाउँपालिका कार्यालयले गरिसकेको छ ।

सोही निर्णयअनुरुप विद्यालय तहको पढाइमा चेपाङ बालबालिकाको लागि कापी, कलम, पोशाकलगायतमा सहयोग गर्दै आएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।

विद्यालय तहमा पढ्ने बालबालिकाले घरबाट विद्यालय जान र आउन सक्ने भए पनि कक्षा ११ र १२ घरबाट सम्भव नभएकाले गाउँपालिकाले छुट्टै आवास र खानाको सुविधा प्रदान गरेको हो ।

गाउँपालिकाभित्र कम्तीमा साठी जनाको हाराहारीमा चेपाङ जातिका बालबालिका अध्ययनरत रहेको उहाँले बताउनुभयो । आर्थिक अवस्था कमजोर भएका कारण पठनपाठनबाट बञ्चित हुन नपरोस भनि गाउँपालिकाले यस किसिमको प्रोत्साहन कार्यक्रम अघि सारेको हो । शिक्षामा निःशुल्क भएसँगै चेपाङ बालबालिकाहरु पछिल्ला समय पढाइतर्फ आकर्षित हुँदै गएका छन् । आँबुखैरेनी-५ का राम शाह माध्यमिक विद्यालय कक्षा ११ मा भर्ना भएका विद्यार्थी अमृत चेपाङको सम्पूर्ण खर्च गाउँपालिकाले व्यवस्था गरिदिएको छ । विद्यार्थी अमृतको विद्यालयमा लाग्ने शुल्क, गास र आवास सहितको सुविधा व्यवस्था गरिदिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो ।

यस क्षेत्रका चेपाङ समुदायका मुख्य आयस्रोत बाँसजन्य सामाग्री निर्माण गरी बिक्रीबाट जीविकोपार्जन गर्दै आएको सो गाउँपालिकाले जनाएको छ ।

# गोरखा नगरपालिकामा मोतियाबिन्दुको निःशुल्क उपचार

पोखरापत्र संवाददाता
गोरखा, ११ भदौं

गोरखा नगरपालिकाले मोतियाबिन्दुको निःशुल्क उपचार गर्ने भएको छ । नगरपालिकाले लायन्स आँखा सेवा केन्द्र गोरखासँगको सहकार्यमा आँखाको उपचार र मोतियाबिन्दुको निःशुल्क शल्यक्रियाको व्यवस्था मिलाइएको नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो । “यसअघि मोतियाबिन्दुको शल्यक्रिया गर्दा रु चार हजार खर्च हुन्थ्यो भने अब निःशुल्क शल्यक्रियाको सुविधा उपलब्ध गराइएको छ”, उहाँले भन्नुभयो । नगरवासीले शल्यक्रिया गर्दा लाग्ने सबै खर्चसँगै चश्मा र औषधि पनि निःशुल्क उपलब्ध गराइनेछ । नगरवासीलाई स्वास्थ्य सेवा कार्ड पनि उपलब्ध गराउने निर्णय नगरपालिकाले गरेको छ । तर तत्कालका लागि भने स्थायी बसोबासको प्रमाण खुल्ने कागजपत्रका आधारमा उक्त सुविधा लिन पाइने नगरपालिकाले जनाएको छ । “स्वास्थ्य कार्ड उपलब्ध नहुँदासम्म नगरवासी भएको परिचय खुल्ने सरकारी कागजपत्र नागरिकता, मतदाता परिचयपत्र, राष्ट्रिय परिचयपत्र, जन्मदर्ता, सवारी चालक अनुमतिपत्र, बसाइँसराइ पत्र वा विवाह दर्ताको प्रमाणपत्रका आधारमा पनि निःशुल्क सेवा लिन पाउनेछन्”, नगरप्रमुख रानामगरले भन्नुभयो ।

# क्रिकेटर सन्दीप पाकिस्तान प्रस्थान

रासस
काठमाडौं, ११ भदौं

नेपाली राष्टिय क्रिकेट टोलीका सदस्य सन्दीप लामिछाने एसिया कपमा सहभागिता जनाउन सोमबार पाकिस्तान प्रस्थान गर्नुभएको छ । नेपाली टोली भने गत मङ्गलबार नै पाकिस्तान प्रस्थान गरिसकेको छ ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्कलाल घिसिङले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै गएर सन्दीपलाई बिदाइ गर्नुभयो । एसिया कप यही भदौ १३ गतेदेखि पाकिस्तानमा सुरु हुँदैछ । त्यसै दिन नेपालले पाकिस्तानको मुल्तानमा पाकिस्तानसँग समूह चरणको पहिलो खेल खेल्ने छ । समूह ‘ए’ मा नेपाल र पाकिस्तानसहित भारत रहेको छ ।

नेपालले दोस्रो खेल भदौ १८ गते भारतविरुद्ध श्रीलङ्कामा खेल्ने छ । नेपालले पहिलोपटक एसिया कपमा खेल्न लागेको हो । “देशले सन्दीपमाथि जसरी भरोसा गरेको छ त्यो भरोसा सन्दीपबाट पूरा हुनेछ भन्ने मैले विश्वास लिएको छु । साथै सम्पूर्ण टिमलाई पनि उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिन चाहन्छु । नेपाली टिममा सन्दीप समावेश हुनु भनेको टिमले पूर्णता पाएको सन्देश जानु हो”, बिदाइका क्रममा सदस्य सचिव घिसिङले भन्नुभयो, “सुखद् परिणामका लागि सफलता मिलोस् भन्ने सम्पूर्ण टिमलाई सन्देश दिन र सन्दीपलाई शुभयात्रा भन्न म यहाँ उपस्थित भएको हुँ । अल द बेस्ट ।”